मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ११० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ वैशाख २३ गते बुधबार ❑ 6 May 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## 'जलवायु परिवर्तनका असर न्यूनीकरणमा साझा प्रयास आवश्यक छ'

**पोखरापत्र संवाददाता**
पोखरा, २२ बैशाख

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले जलवायु परिवर्तनका असर न्यूनीकरणमा सबैको साझा प्रयास आवश्यक हुने बताउनुभएको छ।

वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेश, पोखरा महानगरपालिका, माछापुच्छ्रे गाउँपालिका, अन्नपूर्ण गाउँपालिकाको आयोजनामा अन्नपूर्ण जलवायु सम्मेलन २०८३ अन्तर्गत जलवायु परिवर्तन र हिमालसम्बन्धी माछापुच्छ्रे संवादको मंगलबार पोखरामा उद्घाटन गर्दै उहाँले जलवायु परिवर्तन चुनौतीका रूपमा देखिएको बताउनुभयो।

पछिल्ला पुस्तालाई हाम्रा प्राकृतिक सम्पदाहरू सुरक्षित रूपमा हस्तान्तरण गर्नुपर्नेमा जोड दिँदै उहाँले जलवायु परिवर्तनका कारण बढ्दो असरको न्यूनीकरण गर्नका लागि सजग बन्दै अघि बढ्नुपर्ने बताउनुभयो। "हाम्रा माछापुच्छ्रे, अन्नपूर्णजस्ता हिमाललाई बचाउन नसकेमा त्यसबाट हाम्रो जनजीवनसमेत प्रत्यक्ष प्रभावित हुनेछ", उहाँले भन्नुभयो, "वातावरणको संरक्षणका लागि सबैको एकताबद्ध प्रयास आवश्यक छ।" गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटाले जलवायु परिवर्तनले कृषि प्रणालीमा गम्भीर असर पारिहेको बताउनुभयो। मनाङ, मुस्ताङलगायत जिल्ला अझै जलवायु परिवर्तनको जोखिममा परेको बताउँदै उहाँले बढ्दो तापमानले तराईका नवलपुरजस्ता जिल्लामा बाढीलगायतको असर परिरहेको उल्लेख गर्नुभयो।

वन तथा वातावरण मन्त्रालयका सहसचिव डा महेश्वर ढकालले विश्वव्यापी रूपमा तापमान द्रुत रूपमा बढेको बताउँदै यसबारे बेलैमा सचेत नबने गम्भीर परिस्थितिको सामना गर्नुपर्ने बताउनुभयो। कार्बन उत्सर्जनसमेत तीव्र बढिरहेको बताउँदै उहाँले अरूले कार्बन उत्सर्जन गरेका कारण त्यसको असर भोग्नुपरेको जिकिर गर्नुभयो।

## दयाशंकर पालिखे स्मृति पत्रकारिता सम्मान बस्नेत र बराललाई

**पोखरापत्र संवाददाता**
पोखरा, २२ बैशाख

गण्डकी प्रदेशका प्रदेश प्रमुख डिल्लीराज भट्टले मुलुक परिवर्तनमा सञ्चार जगतको भूमिका स्मरणीय रहेको उल्लेख गर्नुभएको छ।




पोखरामा मंगलबार 'प्रजातन्त्र सेनानी दयाशंकर पालिखे स्मृति पत्रकारिता सम्मान' अर्पण समारोहमा प्रदेश प्रमुख भट्टले नेपालका हरेक राजनीतिक र सामाजिक परिवर्तनहरूमा सञ्चार जगतले खेलेको भूमिका अतुलनीय रहेको बताउनुभयो। 'नेपाली पत्रकारले दबाब र अभावसँग सम्झौता नगरी आफ्नो कर्मप्रति देखाएको सेवाभाव अनुकरणीय छ। पत्रकारिताको मर्यादा र नैतिकता कायम राख्दै समाज र राष्ट्र निर्माणमा अझै सशक्त भूमिका निर्वाह गर्ने अपेक्षा लिएको छु।' भट्टले भने। पत्रकारिता पेसा मात्र होइन, यसलाई महत्वपूर्ण सामाजिक दायित्व र चुनौतीपूर्ण सेवाका रुपमा लिनुपर्नेमा जोड दिँदै उहाँले राष्ट्रको चौथो अङ्गका रूपमा समाजलाई सही मार्गमा अघि बढाउने जिम्मा पत्रकारिता जगतमै रहेको बताउनुभयो। 'सत्य, निष्पक्ष र उत्तरदायित्व वहन गर्दै सही सूचना समाचार प्रवाह गर्ने पत्रकारिता जगत राज्य र नागरिकबीचको सेतु हो। जसले पारदर्शिता, जवाफदेहिता र सुशासन प्रवर्द्धनमा महत्वपूर्ण योगदान दिँदै आएको छ।' उहाँले भन्नुभयो। प्रदेश प्रमुख भट्टले प्रविधिको विकाससँगै पत्रकारिता क्षेत्रमा अवसर र चुनौती दुवै सिर्जना भएको उल्लेख गर्दै यो एआई डिजिटल युगमा आफूलाई समयानुकूल अपडेट गर्दै क्षमता अभिवृद्धितर्फ ध्यान दिनुपर्नेमा जोड दिनुभयो। उहाँले थप्नुभयो - 'बढ्दो सामाजिक सञ्जालको प्रयोग तथा यसका माध्यमबाट प्रवाहित हुनसक्ने मिथ्या र भ्रामक सूचनाले नागरिकलाई दिग्भ्रमित पार्न थालिसकेको छ। भ्रामक सूचनाको भीडमा सत्य र तथ्यपूर्ण समाचार सम्प्रेषण गर्नु आजको मुख्य आवश्यकता हो।' आर्थिक सङ्कटले सञ्चारसंस्थाहरूको दिगोपनामा समस्या पार्ने खतरा देखापरिसकेकोमा चिन्ता व्यक्त गर्दै उहाँले नेपाली पत्रकारको पेसागत असुरक्षा र न्यूनतम पारिश्रमिक कार्यान्वयनमा समस्या यथावत् रहेको र श्रमजीवी पत्रकारको पेशागत अधिकार स्थापित गर्दै सञ्चार संस्था तथा पत्रकारहरुको सबलिकरणको दिशामा राज्यले उचित ध्यान पुर्‍याउनुपर्ने मनन पनि गर्नुभयो। 'प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सञ्चार र सूचनाको हकलाई नेपालको संविधानमा मौलिक हकका रूपमा व्यवस्था गरिएको छ। संवैधानिक रूपमै व्यवस्थित गरिएका ती हकहरूको पूर्णरूपमा संरक्षण र कार्यान्वयन गर्दै जिम्मेवार र मर्यादित पत्रकारिताको विकासका लागि सबै पक्षले ध्यान दिनुपर्दछ।' प्रदेश प्रमुख भट्टले भन्नुभयो।

जनही १ लाख १ हजार १ सय ११ नगदसहित सम्मानित पत्रकारद्वय सूर्यचन्द्र बस्नेत र कृष्णमणि बराललाई बधाई ज्ञापन गर्दै उहाँले प्रजातन्त्र सेनानी दयाशंकर पालिखेले प्रजातन्त्रको स्थापना र सम्वर्द्धनमा पुर्‍याउनुभएको योगदानलाई स्मरण पनि गर्नुभयो।

पत्रकार महासंघ कास्कीका अध्यक्ष माधवप्रसाद बरालको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष माधवप्रसाद रेग्मीले स्वागत र सचिव भुपाल गुरूले सञ्चालन गर्नुभएको थियो।

## सहकारी बचतकर्ताको रकम जेठ पहिलो सातादेखि फिर्ता गरिने

**रासस**
काठमाडौं, २२ बैशाख

सरकारले समस्याग्रस्त सहकारीको बचतकर्ताको रकम जेठ पहिलो सातादेखि फिर्ता गर्ने भएको छ।

गत वैशाख ९ गतेदेखि काम थालेको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले सहकारी र बचतकर्ताको आवश्यक विवरण सङ्कलन गरेर बचत रकम फिर्ता गर्ने तयारी गरेको हो।

समितिले गरेको अध्ययनअनुसार समस्याग्रस्त सहकारीका करिब ७६ हजार बचतकर्ताको करिब रु ४६ अर्ब बचत फिर्ता गर्नुपर्ने छ। तीमध्ये अधिकांश साना बचतकर्ता रहेको समितिले जनाएको छ।

पाँच लाखभन्दा कम रकम बचतकर्तालाई साना बचतकर्ता र पाँच लाखभन्दा बढी रकम बचतकर्तालाई ठूला बचतकर्ताका रूपमा वर्गीकरण गरिएको छ। कुल ७६ हजारमध्ये पाँच लाखभन्दा बढी बचत गर्ने जम्मा १८ हजार रहेको समितिका सदस्यसचिव रविन ढकालले जानकारी दिनुभयो। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री प्रतिभा रावलले बचत फिर्ताका लागि धेरै काम भइसकेको र अब फिर्ता गर्ने काम सुरु हुने जानकारी दिनुभयो। "सहकारी बचतकर्ताको रकम फिर्ता गर्नेबारे धेरै काम गरिसकेका छौँ। साना बचतकर्ताको रकम पहिले फिर्ता गर्छौं," उहाँले भन्नुभयो। समितिले आफ्नो कार्यविधि तय गर्दै 'बचत फिर्ता कार्य आरम्भ गर्ने र कर्जा असुलीमा प्राथमिकता दिने नीति अबलम्बन गरिने' जनाएको छ। समितिले मागदाबीकर्ता बचतकर्ताको बचत फिर्ता गर्ने कार्य आगामी जेठको पहिलो हप्ताबाट आरम्भ हुने र मागदाबी छुट भएका बचतकर्ताको पुनः मागदाबी गर्ने समय आगामी साउनको पहिलो हप्तामा खुला गरिने जनाएको छ। समितिका अनुसार नेपाल सरकारबाट चक्रीय कोषमा विनियोजित रकम सम्बन्धित समितिको कोषबाट नपुग हुन गएमा सापटीका रूपमा मात्र खर्च गरिने पनि स्पष्ट पारिएको छ। समितिका सदस्यसचिव ढकालले कर्जा असुलीका लागि समितिले कानुनबमोजिम कठोर नीति अबलम्बन गर्ने जानकारी दिनुभयो।

## राष्ट्रपति पौडेलद्वारा वैशाख २८ गते संसद् अधिवेशन आह्वान

**रासस**
काठमाडौं, २२ बैशाख

राष्ट्रपति रामचन्द्र पौडेलले यही वैशाख २८ गतेका लागि सङ्घीय संसद्को दुवै सदनका अधिवेशन आह्वान गर्नुभएको छ। उहाँले सोमबार दिउँसो २:०० बजे सङ्घीय संसद् भवन, सिंहदरबारमा बैठक बस्ने गरी दुवै सदनका अधिवेशन आह्वान गर्नुभएको राष्ट्रपतिको कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यले एक विज्ञप्तिमार्फत जानकारी दिनुभयो। राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा, ९३ को उपधारा (१) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति यही वैशाख २२ गतेको सिफारिसमा सदनको अधिवेशन आह्वान गर्नुभएको हो।

## अन्नपूर्ण क्षेत्रमा नौ महिनामा साढे दुई लाख विदेशी पर्यटक


**रासस**
गण्डकी, २२ बैशाख

प्रसिद्ध भ्रमण गन्तव्य अन्नपूर्ण संरक्षण क्षेत्रमा गत साउनदेखि चैतभित्रमा दुई लाख ५१ हजार १८८ विदेशी पर्यटक भित्रिएका छन्।

सबैभन्दा बढी चैतमा ६५ हजार २४२ पर्यटकले उक्त क्षेत्रको भ्रमण गरेका हुन्। सबैभन्दा कम साउनमा ११ हजार ८२४ पर्यटक आएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले जनाएको छ।

भदौमा १६ हजार २७६, असोजमा ३० हजार ५४७, कात्तिकमा ३५ हजार ९५४, मङ्सिरमा १४ हजार ९४१, पुसमा २९ हजार ९८०, माघमा १६ हजार ६१२ र फागुनमा २९ हजार ८१२ पर्यटक भित्रिएका हुन्। गत नौ महिनामा भित्रिएका कुल पर्यटकमध्ये एक लाख ५१ हजार ६८ जना दक्षिण एसियाली मुलुकका र बाँकी अन्य मुलुकका रहेका आयोजना कार्यालयका प्रमुख डा रविन कडरियाले बताउनुभयो। असोजबाहेक सबै महिनामा अघिल्लो वर्षको सोही अवधिको तुलनामा यस वर्ष पर्यटक बढेको उहाँको भनाइ छ। "आव २०८१/८२ को चैतमा जम्मा ४४ हजार ९७७ पर्यटक आएका थिए, चालु आवको चैतमा उक्त सङ्ख्या बढेर ६५ हजार २४२ पुगेको छ", प्रमुख डा कडरियाले भन्नुभयो, "आव २०७९/८० देखि नै पर्यटक आगमनको दर बढ्दै आएको छ, अन्य देशको तुलनामा भारतीय पर्यटकको सङ्ख्या धेरै छ।"

जाडो र वर्षात्को याममा पर्यटक आगमन घटे पनि मुख्य पर्यटकीययाम असोज-कात्तिक र चैत-वैशाखमा पर्यटकको सङ्ख्या बढ्ने गरेको उहाँको भनाइ छ। सडकमार्ग भएर अन्नपूर्ण क्षेत्रमा विभिन्न पर्यटकीय गन्तव्यस्थलको भ्रमण गर्ने पर्यटकको सङ्ख्या पनि सोही याममा बढी हुने गरेको छ। मुक्तिनाथलगायत गन्तव्यमा जाने अधिकांश भारतीय पर्यटकले सडकमार्ग प्रयोग गरे पनि अन्य मुलुकका पर्यटकले भने पदयात्रा रुचाउने गरेको प्रमुख डा कडरियाले बताउनुभयो। आयोजना कार्यालयले अन्नपूर्ण क्षेत्रको भ्रमण गर्ने विदेशी पर्यटकको मात्र तथ्याङ्क राख्ने गरेको छ। सडकमार्ग भएर मुस्ताङलगायतका गन्तव्यमा पुग्ने आन्तरिक पर्यटकको सङ्ख्या पनि बर्सेनि बढ्दो छ। अन्नपूर्ण चक्रीय पदमार्ग विश्वभरका पर्यटकको रोजाइमा पर्ने गरेको छ। आयोजना कार्यालयको तथ्याङ्कअनुसार आव २०७९/८० मा एक लाख ७२ हजार १०८, आव २०८०/८१ मा दुई लाख २२ हजार १८० र आव २०८१/८२ मा दुई लाख ७८ हजार ११३ पर्यटकले यस क्षेत्रको भ्रमण गरेका थिए। अन्नपूर्ण चक्रीय पदमार्गमा अन्नपूर्ण आधार शिविर, कास्कीको मर्दी हिमाल, ल्वाङ, घान्द्रुक गाउँ, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानी, पुनहिललगायतका गन्तव्यस्थलमा बर्सेनि लाखौँ आन्तरिक तथा बाह्य पर्यटक पुग्ने गरेका छन्। अन्नपूर्ण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, सम्भयता, संस्कृति आदि कारणले आन्तरिक तथा बाह्यक पर्यटकको रोजाइमा पर्ने गरेको छ। कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १५ स्थानीय तहका ८७ वडाको सात हजार ६०० वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्र हिमशृङ्खलासहितका आकर्षक गन्तव्यस्थल, पर्यटनमैत्री पूर्वाधार, हावापानी, स्थानीयवासीको आतिथ्यता र सेवा सुविधाका हिसाबले विश्वकै उत्कृष्ट गन्तव्यका रूपमा चिनिन्छ।

# जिसस कास्कीद्वारा रुग्ण र अधुरा आयोजनालाई प्राथमिकता दिन सरकारलाई आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, २२ बैशाख

जिल्ला समन्वय समिति कास्कीले जिल्लामा संचालित बहुबर्षीय अधुरा र रुग्ण आयोजनालाई प्राथमिकतासहित आगामी आर्थिक बर्ष २०८२-८३ को नीति तथा कार्यक्रम र बजेटमा समाबेश गर्न नेपाल सरकारलाई आग्रह गरेको छ।



समितिको मंगलबार सम्पन्न ४८ औ बैठकले उक्त निर्णय गरेको प्रमुख लिलाधर पौडेलले जानकारी दिनुभयो । पौडेलले विभिन्न कारणले बिगतका सरकारका बार्षिक बजेटमा परेर पनि सम्पन्न हुन नसकेका करिब दुइ दर्जन आयोजनाका लागि रकम बिनियोजन गरेर निर्माणमा अबरोधक कारणको पहिचान सहित यथाशिघ्र निर्माण सम्पन्न हुने गरेर अगाडी बढाउँन सिफारिस गर्ने निर्णय गरिएको छ । पर्याप्त रकम अभाबका कारण समयमा सम्पन्न हुन् नसकेका ,निर्माण कम्पनीको लापरबाही तथा अन्य कारणको पहिचान सहित नेपाल सरकारलाइ सिफारिस गरिएको प्रमुख पौडेलको भनाइ छ।

यसरी निर्माण तिब्रता गर्न सिफारिस गरिएका आयोजनाहरूमा पश्चिमाञ्चल क्षेत्रीय अस्पतालको भवन निर्माण आयोजना, प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाको निर्माण योजना, सराङकोट स्वास्थ्य चौकी भवन ,भगरा कृषि सडक मोटरबाटो निर्माणका योजना रहेका छन्।

त्यसैगरी पूल सेक्टर पोखरा कार्यालय मातहत संचालित आयोजनाहरू मध्ये आर्थिक बर्ष २०७४-७५ को सेती नदि माथिको बगर र फूलबारी जोड्ने पूल,पोखरा ३० र ३३ जोड्ने मुसेटूडा पावर हाउसको पूल निर्माणमा ढिला सुस्तिका कारण सहित शहरी बिकास मन्त्रालयलाई लेखि पठाइएको छ।

पोखरा २१ र १७ जोड्ने दम्सादी पूल, पोखरा १३ र २८ जोड्ने कसेरिमा निर्माणाधीन बिजयापूर खोला पूल, कास्कीको अन्नपूर्ण गाउँपालिका र पर्बतको मोदी गाउँपालिका जोड्ने भुरुङदी पूल, पोखरा २५ र १९ जोड्ने जिर्ण सेती दोबिल्ला घाटको पूल, पोखरा ४ र ५ जोड्ने फिर्के खोला पूल सहितका आयोजनाको काम तत्काल अगाडी बढाउन नेपाल सरकारको ध्यानाकर्षण गराइएको छ।

मुग्लिंङ पोखरा सडक सतार ोंनतीको बाकि काम सहित सेती नदीमाथिको पूल आयोजनाको कार्य र मध्य पाहाडी लोकमार्गको कास्की खण्डको बाँकी काम, सोहि राजमार्गको लमजुङ र कास्कीको सिमानामा ट्र्याक खोलेर कार्य अगाडी बढाउँन भनिएको छ। यसैगरी पोखरामा नियमित अन्तराष्ट्रीय हवाई उडान संचालन गर्न महेन्द्रनगर र नेपालगंजबाट पोखरालाइ जोड्ने गरेर हवाई मार्गको पहुच बिस्तार गर्न आबश्यक कुटनीतिक पहल गर्न नेपाल सरकारलाई आग्रह गरिएको छ।

# मुस्ताङका पर्यटकीय पदमार्ग स्तरोन्नति गरिँदै

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २२ बैशाख

यहाँका पर्यटकीय पदमार्गहरूको मर्मत तथा स्तरोन्नति सुरु गरिएको छ। पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) जोमसोम र लोमान्थाङ गाउँपालिकाले जीर्ण पदमार्गहरूको मर्मत तथा स्तरोन्नतिमा जोड दिएका हुन्।

कालीगण्डकी करिडोर (बेनी-जोमसोम-कोरला) सडक तथा शाखा सडकलगायत पूर्वाधार निर्माणले यहाँका कतिपय पर्यटकीय पदमार्ग मासिएका छन् । त्यस्ता पदमार्गको संरक्षण, विकास र प्रवर्द्धन गर्दै यहाँ आउने पर्यटकको बसाइ लम्ब्याउने उद्देश्यका साथ पछिल्लो समय एक्याप जोमसोम र लोमान्थाङले यहाँका पाँचैवटा स्थानीय तहमा पदमार्ग मर्मत तथा स्तरोन्नति गरिरहेको छ। थासाङ गाउँपालिका-४ पैरोथाप्लादेखि वारागुङ मुक्तिक्षेत्र-३ छुसाङसम्म कार्यक्षेत्र रहेको एक्याप जोमसोम कार्यालयले चालु आर्थिक वर्षका लागि ११ वटा पर्यटकीय पदमार्गहरूको मर्मत तथा स्तरोन्नति गर्न ३२ लाख ६० हजार रुपैयाँ विनियोजन गरेको छ । एक्याप जोमसोम कार्यक्षेत्रका ११ वटा पर्यटकीय पदमार्ग मर्मतमध्ये तीनवटा सम्पन्न भइसकेको र अन्य पर्यटकीय पदमार्ग मर्मत तथा स्तरोन्नतिको चरणमा रहेको एक्याप जोमसोमका कार्यालय प्रमुख राजेश गुप्तले जानकारी दिनुभयो । उहाँका अनुसार थासाङ, घरपझोङ र वारागुङ मुक्तिक्षेत्रका पदमार्ग चौडा गर्ने, सरसफाइ गर्ने, जोखिममा रहेका पदमार्गमा छप्पनी ढुङ्गा बिछ्याउने, पदमार्ग उकास्न ग्याबिन वाल र रेलिङ लगाउने काम भइरहेको छ।

एक्याप जोमसोमले चालु आवमा यहाँको चोखोपानीदेखि सौरु जोड्ने पदमार्ग, भुतर्छो ताल वरिपरि परिक्रमा गर्ने पदमार्ग, चिमाङ गाउँभित्र जाने पदमार्ग, सौरुदेखि सिर्खुम जाने थाङ्मेडाँडा पदमार्ग र टिटीदेखि लुप्साङ खर्क जाने पदमार्गको मर्मत तथा स्तरोन्नति गरिरहेको छ । थासाङको छयोदेखि टिटीताल जाने नयाँ वैकल्पिक पदमार्ग, झिप्रा देउरालीदेखि प्याचु पदमार्ग स्तरोन्नति भइरहेको कार्यालय प्रमुख गुप्ताले बताउनुभयो।

त य स ै ग र ी घरपझोङ गाउँपालिकाअन्तर्गत सम्ले गाउँभित्र जाने पदमार्ग र नमखुलेकदेखि तिलिचो ताल जाने पर्यटकीय पदमार्गको मर्मत तथा स्तरोन्नति गरिएको छ। वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाअन्तर्गत मनाङबाट आएका विदेशी पर्यटकका लागि थोरङफेदीदेखि छेङ्गुर झर्ने पर्यटकीय पदमार्ग र मुक्तिनाथ रानीपौवा पुराङदेखि झारकोट गाउँभित्रसम्मको पुरानो पर्यटकीय पदमार्गको मर्मत तथा स्तरोन्नति भइरहेको छ।

एक्याप जोमसोमले अघिल्लो वर्ष यहाँको पर्यटकीय पदमार्गहरूको मर्मत तथा स्तरोन्नतिका लागि २७ लाख ९० हजार रुपैयाँ बजेट छुट्याएको थियो। उक्त बजेटअनुसार थासाङ गाउँपालिकाको कालोपानीदेखि धुलोडाँडासम्मको नयाँ पर्यटकीय पदमार्ग निर्माणसहित छवटा पर्यटकीय पदमार्ग मर्मत तथा स्तरोन्नति गरेको थियो।

यहाँको एक्याप लोमान्थाङले पनि पर्यटकीय पदमार्गको मर्मत सुधार तथा स्तरोन्नतिमा जोड दिइरहेको छ । यसका लागि चालु आवमा १४ लाख रुपैयाँ बजेट विनियोजन गरेको कार्यालय प्रमुख उमेश पौडेलले जानकारी दिनुभयो।

एक्याप लोमान्थाङले यस वर्ष छुसाङदेखि तेताङ पदमार्ग, ताङ्ग्यादेखि पा पदमार्ग, छोसेरदेखि कोन्जोलिङ पदमार्ग र मराङदेखि लोमान्थाङ जोड्ने पर्यटकी पदमार्गहमा मर्मत तथा स्तरोन्नति गरिरहेको छ । पछिल्लो तीन आवमा माथिल्लो मुस्ताङमा २० किमी दूरीमा पदमार्ग मर्मत तथा स्तरोन्नति गरिएको प्रमुख पौडेलको भनाइ छ।

# सञ्चार मन्त्रालयअन्तर्गत विभिन्न निकायका पदाधिकारी स्वत: पदमुक्त

**रासस**
काठमाडौं, २२ बैशाख

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मातहतका विभिन्न नौ वटा निकायका ३६ जना पदाधिकारी पदमुक्त हुनुभएको छ।

मन्त्रालयले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३ कार्यान्वयनमा आएपछि मन्त्रालयअन्तर्गतका विभिन्न संस्थान, बोर्ड, प्राधिकरण, आयोग तथा समितिका पदाधिकारीहरू स्वतः पदमुक्त भएका हुन् । अध्यादेशको दफा (२) को उपदफा (१) बमोजिम ती निकायमा कार्यरत अध्यक्ष, सदस्य तथा कार्यकारी पदाधिकारीहरू पदमुक्त भएको मन्त्रालयले जनाएको छ।

मन्त्रालयद्वारा जारी विज्ञप्तिअनुसार गोरखापत्र संस्थानका अध्यक्ष गोविन्दप्रसाद भण्डारी पदमुक्त हुनुभएको छ । यस्तै, प्रेस काउन्सिल नेपालका अध्यक्ष डा कुमार शर्मा आचार्यसहित सदस्यहरू पदमराज जोशी, भीमलाल श्रेष्ठ, शन्तराम विडारी, कुमारी निमा काफ्ले, विजयराज अधिकारी, बालकृष्ण अधिकारी, केशवशरण लामिछाने र नकुल अर्याल पदमुक्त हुनुभएको छ । यसैगरी नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष भूपेन्द्र भण्डारी तथा सदस्यहरू कृष्णप्रसाद पोखेल, नवराज अधिकारी, रवीन्द्र झा र गोकर्णप्रसाद सिटौला पदमुक्त हुनुभएको छ। विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईं तथा सदस्यहरू पवन अधिकारी, प्रेमबहादुर भट्टराई र मोहन गुरुङ पनि पदमुक्त हुनुभएको छ।

सुरक्षण मुद्रण केन्द्रका सदस्य आदित्य न्यौपाने र कार्यकारी निर्देशक देवराज ढुङ्गाना पदमुक्त हुनुभएको छ। सार्वजनिक सेवा प्रसारण नेपालका अध्यक्ष डा महेन्द्र विष्ट तथा सदस्यहरू अनिता गुरुङ, फूलमान बल र भूमिराज चापागाईं पदमुक्त हुनुभएको छ।

यसैगरी, राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा सुरेशप्रसाद आचार्य तथा सूचना आयुक्तहरू दुर्गा भण्डारी पौडेल र गगन विष्ट पनि पदमुक्त हुनुभएको छ। चलचित्र जाँच समितिका सदस्यहरू सम्पन्न श्रेष्ठ, कुवेरराज गिरी र भगवतीकुमारी मैनाली उप्रेती (भीमा), न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष सङ्गीता खड्का तथा सदस्यहरू नवीनराज कुइँकेल, वासुदेव मिश्र र जमुना शर्मा पनि पदमुक्त भएको मन्त्रालयले जनाएको छ।

# एघार दिनपछि दमौली बजारको फोहर उठ्यो

**पोखरापत्र संवाददाता**
दमौली, २२ बैशाख

एघार दिनपछि तनहुँको सदरमुकामस्थित दमौली बजारको फोहर उठेको छ। व्यास नगरपालिकाले यही वैशाख ११ गतेदेखि फोहर सङ्कलन स्थगित गरेकामा आजदेखि फोहर उठाउन थालेको हो।

फोहर बिसर्जन गर्ने ठाउँ अभावका कारण नगरपालिकाले बजार क्षेत्रबाट फोहर उठाउन सकेको थिएन । व्यास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालले अहिले तत्कालका लागि अस्थायी ठाउँ खोजेर फोहर बिसर्जन गर्न लागिएको जानकारी दिनुभयो । उहा'ले भन्नुभयो, “दमौली बजारमा लामो समयदेखि फोहर उठ्न नसक्दा दुर्गन्धित हुन थालेको छ । अहिले फोहर गाडेप तत्काल पुर्ने व्यवस्था मिलाएका छौं।”

फोहरमैलाको दिगो व्यवस्थापनका लागि प्रस्तावित जग्गा खरिदको अनुमति नेपाल सरकारसँग माग भएकामा हालसम्म पनि अनुमति प्राप्त हुन नसकेको उहाँले उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, “हाल स्रोतमा वर्गीकरण गरी आएका नकुहिने फोहरलाई कार्यालय परिसरभित्र सूक्ष्म वर्गीकरण गरी बिक्रीयोग्य सामानहरू बिक्री गरी बिक्री अयोग्य वस्तुहरूको अन्तिम बिसर्जनका लागि वडा नम्बर १ गल्वुवेशी अकला कमलडिहीमा व्यक्तिको जग्गामा अस्थायी व्यवस्थापन गरिँदै आएको थियो।”

उक्त अस्थायी ठाउँ पनि फोहरले भरिएपछि अर्को ठाउँ खोजी कार्य भइरहेको लम्सालले बताउनुभयो।

नगरपालिकाले तीन वटा टिपर, चार वटा ट्याक्टर, एक जेसिवी, एक सक्सन ट्र्याङ्क, एक अटो र एक रिक्सा गरी ११ वटा सवारीसाधन दैनिक रुपमा सरसफाइ कार्यका लागि प्रयोग गर्दै आएको छ।

नगरपालिकाको स्थापनाको ३२ वर्ष भए पनि यहाँ फोहरमैला व्यवस्थापन केन्द्र नहुँदा बेलाबेलामा समस्या हुने गरेको छ । नगरपालिकामा स्थापनाकालदेखिको मुख्य समस्याको रुपमा रहेको फोहरमैला व्यवस्थापन सधैंको समस्या बन्ने गरेको छ।

# गोरखा अस्पतालमा सेवा लिनेको सङ्ख्या बढ्दै

**पोखरापत्र संवाददाता**
गोरखा, २२ बैशाख

प्रदेश अस्पतालमा स्तरोन्नति भएपछि गोरखा अस्पतालमा सेवा दिनेको सङ्ख्या बढ्दै गएको छ । यहाँ विशेष गरी शल्यक्रिया गर्ने बिरामीको सङ्ख्या उल्लेख्य वृद्धि भएको हो । चालु आर्थिक वर्ष २०८२/८३ को १० महिनामा एक हजारभन्दा धेरै जनाले शल्यक्रिया सेवा लिएका अस्पताल प्रशासनले जनाएको छ।



वैशाख पहिलो हप्तासम्ममा एक हजार १९० जनाको शल्यक्रिया गरिएको अस्पतालका सूचना अधिकारी चन्द्र खत्रीले जानकारी दिनुभयो। तीमध्ये पाँच ९६ जनाको ‘मेजर’ शल्यक्रिया, दुई सय ३४ जनाको मध्यम र तीन सय ६० जनाको ‘माइनर’ शल्यक्रिया गरिएको उहाँले बताउनुभयो।

चालु आर्थिक वर्षको हालसम्ममा अस्पतालले सबैभन्दा धेरै छ सय ३२ जनाको जनरल सर्जरी गरेको छ। यस्तै, तीन सय २२ जनाको स्त्री रोग तथा प्रसूतिसम्बन्धी शल्यक्रिया र २३६ जनाको अर्थोपेडिक्स तथा ट्रमासम्बन्धी शल्यक्रिया भएको छ । प्रदेश अस्पताल गोरखाले जिल्लामा गत आर्थिक वर्ष २०८१/८२ मा एक हजार २९६ जनालाई शल्यक्रिया सेवा प्रदान गरेको थियो। गत आवमा पाँच सय सात जनाको मेजर शल्यक्रिया भएको अस्पतालका सूचना अधिकारी खत्रीले बताउनुभयो।

चालु आवमा हालसम्म १० हजार ५६ जनाले युएसजी सेवा, छ हजार १८२ जनाले इसिजी, दुई हजार ६४३ जनाले फिजियोथेरापी तथा छ हजार ४७३ जनाले आयुर्वेद सेवा लिएका छन्।

यसैगरी, १६ जना लैङ्गिक हिंसापीडित तथा प्रभावित व्यक्तिहरूले एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (ओसिएमसी) बाट निःशुल्क सेवा लिएको अस्पतालको विवरणमा उल्लेख छ । अस्पतालको सामाजिक सेवा इकाइअन्तर्गत गरिब, असहाय, ज्येष्ठ नागरिक, लैङ्गिक हिंसापीडित जस्ता समस्यामा परेका पाँच सय आठ जनाले निःशुल्क तथा सहुलियत सेवा लिएको अस्पतालको विवरणमा उल्लेख छ।

पछिल्लो तीन वर्षको तथ्याङ्क हेर्दा अस्पतालको न्यूनतम सेवा मापदण्ड ९० प्रतिशत कायम भएको र जुन गण्डकी प्रदेशकै उत्कृष्ट रहेको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष कृष्ण ढकालले बताउनुभयो । उहाँका अनुसार गोरखा अस्पतालले गोरखा नगरपालिकासँगको साझेदारीमा ‘आधारभूत स्वास्थ्य सेवा’ समेत सञ्चालनमा ल्याएको छ।

उक्त सेवाअन्तर्गत गोरखा नगरवासीले अस्पतालका सेवामा विशेष छुट पाउने व्यवस्था रहेको समितिका अध्यक्ष ढकालले जानकारी दिनुभयो।प्रदेशअस्पताललेहालसालै इन्डोस्कोपी सेवा सञ्चालनमा ल्याएको, फिजियोथेरापी सेवा विस्तारका साथै प्रयोगशाला सेवा र आयुर्वेद सेवा सुदृढीकरण गरिएको उहाँले बताउनुभयो । अस्पतालमा भीड व्यवस्थापनका लागि बिहान ८:०० बजेदेखि नै ओपिडी सेवा सञ्चालनमा ल्याइएको अध्यक्ष ढकालले जानकारी दिनुभयो । अन्य आकस्मिक सेवाहरू भने चौबिसै घण्टा सञ्चालन भइरहेका छन्।

# व्यवसायी गोल्छालाई हिरासतमा राख्न अनुमति दिएन

**रासस**
काठमाडौं, २२ बैशाख

जिल्ला अदालत काठमाडौंले व्यवसायी शेखर गोल्छालाई अनुसन्धानका लागि हिरासतमा राख्न अनुमति नदिने आदेश गरेको छ।

न्यायाधीश मोना सिंहको इजलासले मंगलबार गोल्छालाई हिरासतमा राखी अनुसन्धान गर्न म्याद थप गर्न नमिल्ने आदेश गरेको हो । अदालतको आदेशसँगै व्यवसायी गोल्छा थुनामुक्त हुनुहुनेछ। आदेशमा भनिएको छ, “प्रतिवादी शेखर गोल्छालाई हिरासतमै राखी मुद्दाको अनुसन्धान गर्नुपर्नेसम्मको अवस्थाको विद्यमानता रहेको नदेखिएकाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(३) बमोजिम प्रतिवादीलाई हिरासतमा राखी अनुसन्धान गर्न म्याद थप गर्न मिलेन।”व्यवसायी गोल्छालाई धितोपत्र र बिमासम्बन्धी कसुरमा अनुसन्धानका लागि प्रहरीले यही वैशाख १४ गते पक्राउ गरेको थियो।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस्।
– थमस हाडी

## सम्पादकीय

# सत्ता फेरबदलको फोहोरी खेल फेरी सुरु

सत्ता सारथि दल जनमत पार्टीले अकस्मात समर्थन फिर्ता लिँदै मन्त्रीलाई सरकारबाट अलग हुन निर्देशन दिएपछि मधेश प्रदेशमा ५ महिनापछि फेरि सत्ता फेर्ने कसरत थालिएको छ। कांग्रेस नेतृत्वको मधेश प्रदेश सरकारलाई अल्पमतमा पारेर सत्ता समीकरण फेर्ने निर्णयले जनमत पार्टीभित्र दुई धार देखिएको छ। जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त (सिके) राउतको निर्देशनमा ९ जना प्रदेश सांसदले मुख्यमन्त्री कृष्णप्रसाद यादवको नेतृत्वमा रहेको सरकारलाई दिएको समर्थन फिर्ता लिइसकेका छन् । राउतले मंगलबार पार्टीका महासचिव एवं मधेश प्रदेशका प्रमुख सचेतक चन्दन सिंहलाई संसदीय दलको नेता चयन गरेका छन् ।

जनमत पार्टीले सरकारबाट फिर्ता हुन भनिएको अर्थमन्त्री महेशप्रसाद यादव र खेलकुद तथा समाजकल्याणमन्त्री बसन्त कुशवाहा भने मंगलबार अपराह्नसम्म पदमै छन् । संसदीय दलका नेताको हैसियतले अर्थमन्त्री यादवले भने प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णलाई मंगलबार पत्र लेख्दै 'कांग्रेस नेतृत्वको सरकारलाई समर्थन रहिरहेको' जानकारी गराएका छन् । 'जनमत पार्टीको संसदीय दलको नेता म महेशप्रसाद यादव रहेको छु। मेरो जानकारी तथा मैलै नबोलाएको संसदीय दलको बैठक विनाको कुनै पनि निर्णय आधिकारिक छैन,' यादवले प्रदेश प्रमुखलाई लेखेको पत्रमा भनिएको छ, 'मधेश प्रदेश सरकारको मुख्यमन्त्री कृष्णप्रसाद यादवको नेतृत्वको सरकारलाई जनमत पार्टीको आधिकारिक समर्थन रहिरहेको जानकारीसहित अनुरोध छ।'

कांग्रेस नेतृत्वको सरकारलाई समर्थन रहेको र फिर्ता लिइएको मामिलामा जनमत पार्टीभित्र कलह बढेको छ। मन्त्रीबाट फिर्ता बोलाइएका यादव र कुशवाहा मन्त्री पद नछाड्ने अडानमा छन् भने मन्त्रीबाट फिर्ता नभए उनीहरुलाई कारबाही गर्ने जनमत पार्टीको तयारी छ। यता, जनमत पार्टीको संसदीय दलका नेता बनेका सिंहले भने सत्ता सारथि दल जनता समाजवादी पार्टी, लोसपा र नेकपालाई पनि कांग्रेस नेतृत्वको सरकारबाट समर्थन फिर्ता लिनका लागि पहल गरिरहेका छन् । एमालेबाट ग्रिन सिग्नल पाएपछि जनमत, जसपा, लोसपा र नेकपा मधेश प्रदेशमा नयाँ सत्ता समीकरण बनाउने कसरतमा लागेका छन् । जसपाका एक प्रदेश सांसदका अनुसार जनमत पार्टीले सरकारबाट समर्थन फिर्ता लिएपछि फेरिएको राजनीति परिदृश्यका बारेमा जसपाले चासो राखेका छ प्रदेशका पूर्वमुख्यमन्त्री एवं जसपा नेपालका महासचिव लालबाबु राउतले मधेश प्रदेशमा कांग्रेसको नेतृत्वमा रहेको सरकार फेर्ने आफ्नो दलभित्र कुनै छलफल र निर्णय नभएको प्रष्ट पारे। 'मधेश प्रदेश सरकारको एजेन्डामा दलभित्र र संसदीय दलमा कुनै छलफल र निर्णय भएको छैन,' राउतले भने, 'कांग्रेस नेतृत्वको सरकारलाई जसपाको समर्थन कायमै छ।'मै छा सत्ताबाट हट्नेछ केही मिनेट सम्म गठबन्धन कायम रहन्छ भन्ने ठेगान बनेको छ। यो भनाइमा विश्वास गर्न सकिँदैन।

कांग्रेस नेतृत्वको मधेश प्रदेश सरकारले बजेट खर्च गर्न नसकेको र संघीयताको सवालमा सुस्त देखिएकाले सरकार फेर्न लागिएको जनमत पार्टीको आरोप छ। 'कांग्रेस नेतृत्वको मधेश प्रदेश सरकारले बजेट खर्च पनि गर्न सकेन। संघीयतालाई मजबुत बनाउने काम पनि गरेन,' जनमतका महासचिव सिंहले हो आरोप छ । मधेश प्रदेशमा मधेशवादीसहितको सरकार बनाइने छ ।' जेन-जी आन्दोलनको क्रममा मधेश प्रदेशका तत्कालीन मुख्यमन्त्री सतिशकुमार सिंहले पदबाट राजीनामा गरेपछि यहाँ सत्ता हेरफेरको क्रम चलेको थियो। सिंहलाई आफ्नै दल जनमत पार्टीले मुख्यमन्त्रीबाट 'जबर्जस्ती' हटाएपछि लोसपाका सांसद जितेन्द्र सोनल मुख्यमन्त्री बनेका थिए। तर, माओवादीका दुई सांसद रहवर अनसारी र माला कर्णले विश्वासको मत लिने क्रममा 'विद्रोह गरेपछि' सोनल मुख्यमन्त्रीबाट हटेका थिए। तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले ठूलो दलको हैसियतले एमालेका संसदीय दलका नेता सरोजकुमार यादव(महोत्तरी)लाई बिहान भिसमिसेमै महोत्तरीको एक कटेजमा मुख्यमन्त्री नियुक्त गरेपछि त्यो विवाद सर्वोच्च अदालत पुगेको थियो।

सर्वोच्च अदालतले मुख्यमन्त्रीमा यादवको नियुक्तिलाई असंवैधानिक भन्दै विश्वासको मत लिन आदेश दिएको थियो । एमालेका मुख्यमन्त्री यादवले विश्वासको मत नपाउने छाँट देखेपछि मुख्यमन्त्रीबाट राजीनामा गरेका थिए। त्यसपछि, कांग्रेसका संसदीय दलका नेता कृष्णप्रसाद यादवको नेतृत्वमा सात दल जनमत, जसपा, लोसपा, नेकपा(एस), माओवादी र नागरिक उन्मुक्ति पार्टीको समर्थनमा सरकार बनेको थियो । मधेश प्रदेश सभामा हाल १ सय १ सांसद छन्। कांग्रेसका २२, एमालेका २४, जनमतका १२, नेकपाका १५, जसपा नेपालका २६, नागरिक उन्मुक्ति पार्टी, नेपाल संघीय समाजवादी पार्टीका १-१ जना सांसद छन्। यसअघि, मधेश प्रदेश सभामा १ सय ७ सदस्य थिए। जनमत पार्टीले मधेश प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिँदै आफ्ना मन्त्रीहरूलाई राजीनामा गर्न निर्देशन दिएको छ। अब मधेशवादी दलहरू मिलेर नयाँ सरकार गठन गर्ने तयारी भइरहेको छासत्ताका लागि जोसँग पनि मिलेर जान तयार हुने रोगले प्रदेश विरुद्ध जनमत बढ्न थालेको छ। जुन सुकै बेला गठबन्धन फेरबदल गर्ने पात्र भइन्जेल संघीय प्रणालीलाई कमजोर बनाउँछ।

# किसानलाई मौसम तथा जलवायुसम्बन्धी सूचना

**पोखरापत्र संवाददाता**
दमौली, २२ बैशाख

तनहुँको म्याग्दे गाउँपालिकामा कृषि तथा जलवायु सूचना केन्द्र स्थापना हुने भएको छ।

स्थानीय समुदाय, विशेषगरी किसानहरूलाई समयमै मौसम तथा जलवायुसम्बन्धी सूचना उपलब्ध गराई जलवायु परिवर्तन न्यूनीकरण, अनुकूलन तथा सामना रणनीति अवलम्बन गर्न सहयोग पुर्याई स्थानीय समुदायको उत्थानशील एवं अनुकूलन क्षमता बढाउने उद्देश्यले गाउँपालिकामा कृषि तथा जलवायु सूचना केन्द्र स्थापना गर्न लागिएको हो।

उक्त कार्यका लागि म्याग्दे गाउँपालिका र श्रमिक बालबालिकाको सामाजिक एकीकरण मञ्च (चिल्ड्रेन-नेपाल) बीच सहमतिपत्रमा हस्ताक्षर गरिएको छ । गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठ र चिल्ड्रेन-नेपालका कार्यकारी निर्देशक डिल्लीप्रसाद शर्माले उक्त सहमतिपत्रमा हस्ताक्षर गर्नुभएको छ । उक्त सूचना केन्द्रमार्फत नागरिकलाई मौसम पूर्वानुमान, वर्षा, खडेरी, हुरीबतास, असिनालगायत मौसमी घटनाबारे जानकारी उपलब्ध गराइनेछ । साथै कृषि सल्लाह, चेतनामूलक सूचना र जलवायु जोखिम न्यूनीकरणसम्बन्धी जानकारी पनि नियमित रूपमा प्रसारण गरिने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो। केन्द्रमार्फत किसानलाई जलवायु अनुकूल कृषि प्रविधि, जस्तै थोपा सिँचाइ, ग्रिन हाउस, टनेल खेती, मल्चिङलगायत विषयमा जानकारी दिइनेछ । यसले कृषि उत्पादन वृद्धि, खाद्यान्न आत्मनिर्भरता र जीवनस्तर सुधारमा टेवा पुग्ने विश्वास गरिएको अधिकारीको भनाइ छ । गाउँपालिकाले केन्द्र सञ्चालनका लागि आवश्यक पूर्वाधार, जनशक्ति तथा सूचना व्यवस्थापनको जिम्मेवारी लिनेछ भने चिल्ड्रेन-नेपालले ' जलवायु उत्थानशील समुदाय परियोजना' अन्तर्गत रु दुई लाख सहयोग उपलब्ध गराउनेछ। साथै प्राविधिक सहयोग, चेतनामूलक सामग्री तयारी र प्रचारप्रसारमा पनि सहयोग गर्ने सहमतिपत्रमा उल्लेख छ। जल तथा मौसम विज्ञान विभाग, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विभाग तथा गाउँपालिकाको कृषि तथा वातावरण शाखाबाट प्राप्त सूचनाहरूलाई केन्द्रमार्फत स्थानीयकरण गरी कृषकसम्म पुर्याइनेछ । सूचना डिजिटल बोर्ड, मोबाइल म्यासेज, फेसबुक र ह्वाट्सएप समूहमार्फत प्रसारण गरिने व्यवस्था मिलाइने अधिकारीले बताउनुभयो । उक्त केन्द्र एक महिनाभित्र सञ्चालनमा ल्याइनेछ। जलवायु सूचना केन्द्र सञ्चालनका लागि आवश्यक कोठाको व्यवस्था गरी पालिकातर्फ नियमित रूपमा जलवायु सूचना अद्यावधिक गर्न कर्मचारीको व्यवस्थापन गरिने जनाइएको छ।

# तीन दिनदेखि तेह्र हजार घरपरिवार विद्युत् विहीन

**पोखरापत्र संवाददाता**
वालिङ, २२ बैशाख

बुटवल पावर कम्पनी (बिपिसी) का १३ हजार उपभोक्ता तीनदेखि विद्युत् विहीन भएका छन्।

गत शनिबार राति वालिङ-१ कालीमाटीस्थित सबस्टेसनमा परेको चट्याङका कारण 'ट्रान्सफर्मर'मा क्षति पुगेपछि उनीहरु विद्युत्विहीन भएका हुन् । विद्युत् सेवा उपभोग गरिरहेका वालिङ नगरपालिका र भीरकोट नगरपालिकाका ती उपभोक्ता विद्युत् विहीन भएका हुन् । ट्रान्सफर्मरमा चट्याङले क्षति पुर्याएपछि मर्मतका लागि बुटवल लगिएकामा झन्डै २५ दिन लाग्ने भएपछि वैकल्पिक ट्रान्सफर्मरको व्यवस्थापनमा जुटेको बुटवल पावर कम्पनी गल्याङका प्रमुख डोल खरेलले जानकारी दिनुभयो।

"हामीसँग भएको ट्रान्सफर्मरमा चट्याङले क्षति पुर्याएकाले मर्मतका लागि बुटवल लगेका छौँ," उहाँले भन्नुभयो, "मर्मतका लागि समय लाग्ने भएपछि नेपाल विद्युत् प्राधिकरणसँग वैकल्पिक ट्रान्सफर्मर प्रयोगका लागि माग गरिएकामा ट्रान्सफर्मर प्राप्त भएको छ, ल्याएर जडान गर्न केही दिन लाग्छ।" सो कम्पनीको वालिङअन्तर्गत करिब १८ हजार ५०० उपभोक्ता छन्।

# प्रदेशस्तरीय भलिबलको प्रतिक्षा

**पोखरापत्र संवाददाता**
दमौली, २२ बैशाख

तनहुँको दमौली वैशाख २६ र २७ गते भलिबलमय हुने भएको छ । गण्डकी प्रदेश अन्तरजिल्ला भलिबल प्रतियोगिताले यसपटक खेलप्रेमी दर्शकलाई उच्चस्तरीय प्रतिस्पर्धा र रोमाञ्चक क्षणको अनुभूति गराउने निश्चित देखिएको छ।

प्रदेशका उत्कृष्ट र चर्चित खेलाडी एउटै कोर्टमा भिड्ने भएपछि खेलको स्तर मात्र होइन, दर्शकको उत्साह पनि चरममा पुग्ने अपेक्षा गरिएको छ। नवलपुरका हिमाल सुनारी, विश्वास अधिकारी र अशोक श्रेष्ठले आक्रामक खेल देखाउने तयारीमा हुनुहुन्छ भने गण्डकी प्रदेशकै कप्तानसमेत रहनुभएका स्याङ्जाका सन्जु विक्रम शाहसहित राजन दर्लामी, सन्जोक परियार र उमेश सेन्चुरीको टिम संयोजनले खेललाई अझ रोमाञ्चक बनाउनेछ।

त्यस्तै, बागलुङका इन्द्र विक, सन्तोष विक र कुन्जन शाहीको दमदार उपस्थितिले प्रतिस्पर्धा कडा बनाउनेछ भने आयोजक तनहुँका विवश अले (गण्डकी लिफ्टर) घरेलु मैदानमा उत्कृष्ट प्रदर्शन गर्ने लक्ष्यसहित उत्रँदै हुनुहुन्छ। जिल्ला खेलकुद विकास समिति तनहुँका अध्यक्ष अनिल पाण्डेका अनुसार गण्डकीका ११ वटै जिल्लाबाट महिला तथा पुरुष टोलीको सहभागिताले प्रतियोगिता झन् व्यापक र प्रतिस्पर्धात्मक बन्नेछ । खेलप्रेमीहरूका लागि यो प्रतियोगिता केवल खेल मात्र नभई उत्सवजस्तै बन्ने देखिएको पाण्डेको भनाइ छ।

पाण्डेका अनुसार प्रतियोगितालाई व्यवस्थित, सुरक्षित र प्रतिस्पर्धात्मक बनाउन तयारी भइरहेका छन् । खेल मैदानको स्तरोन्नति, दर्शक व्यवस्थापन र खेलाडीको सुविधा सुनिश्चित गर्न विशेष ध्यान दिइएको छ।

उहाँले भन्नुभयो, "यो प्रतियोगिता केवल जित-हारको खेल होइन, खेलाडीको प्रतिभा उजागर गर्ने मञ्च हो । गण्डकी प्रदेशका युवा खेलाडीलाई राष्ट्रिय स्तरसम्म पुग्न यसले महत्वपूर्ण भूमिका खेल्नेछ।"

पाण्डेले प्रतियोगितालाई गण्डकी प्रदेशका सबै जिल्लाका खेलाडीको क्षमता उजागर गर्ने, उनीहरूबीच स्वस्थ प्रतिस्पर्धा विकास गर्ने र खेलकुदमार्फत सामाजिक एकता मजबुत बनाउने एउटा साझा अभियानका रूपमा लिएको उल्लेख गर्नुभयो । पछिल्लो समय भलिबलमा युवापुस्ताको आकर्षण बढ्दै गए पनि उनीहरूको प्रतिभालाई सही मञ्चमा पुर्याउने संरचनागत अवसर अझै पर्याप्त छैन। "हामीले धेरै प्रतिभाशाली खेलाडी गाउँ-गाउँमा देखिरहेका छौँ, तर उनीहरूलाई नियमित प्रतियोगिता, उचित प्रशिक्षण र प्रतिस्पर्धात्मक वातावरणको अभाव छ", उहाँले भन्नुभयो, "त्यसैले यो प्रतियोगिता उनीहरूका लागि एउटा महत्वपूर्ण अवसर हो, जहाँ उनीहरूले आफ्नो क्षमता प्रमाणित गर्न सक्छन्।"

यस प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडी छनोट गरी गण्डकी प्रदेशको बलियो टोली तयार गरिनेछ । सोही टोलीले दशौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा प्रतिस्पर्धा गर्नेछ।

# आश्रमदेखि सेवा दिँदै आएको वडा कार्यालय अब आफ्नै भवनमा

**पोखरापत्र संवाददाता**
बागलुङ, २२ बैशाख

यहाँको गलकोट नगरपालिकाको वडा नं. ३ स्थित हटियामा एक करोड ५० लाख रुपैयाँमा वडा कार्यालय निर्माण भएसँगै शिवालय आश्रमदेखि सेवा दिँदै आएको वडा कार्यालयले अब आफ्नै भवनबाट सेवा दिने भएको छ।

स्थानीयले सङ्कलन गरेको ५० लाख रुपैयाँ र नगरपालिकाको ५० लाख रुपैयाँ गरी कुल एक करोड रुपैयाँ लागतमा दुई रोपनी जग्गामा वडा कार्यालय निर्माण गरेको वडाध्यक्ष फमबहादुर खत्रीले जानकारी दिनुभयो।

अध्यक्ष खत्रीले भन्नुभयो, "लामो समयसम्म हामीले आश्रमबाट वडा कार्यालय सञ्चालन गर्यौँ, यहाँबाट सेवा प्रवाह गर्दै विभिन्न समस्याहरु भोग्नु परेको थियो, अब आफ्नै भवनबाट व्यवस्थित रुपमा सेवा प्रवाह गर्न सहज हुनेछ।"


सो भवन निर्माणसँगै गलकोटका ११ वटै वडा कार्यालयको आफ्नै भवन निर्माण सम्पन्न भएको छ।


## कर्जा बुझाउने बारे १५ दिने सूचना

प्रकाशित मिति २०८३/०१/२३ गते (पोखरापत्र राष्ट्रिय दैनिक)

यस मोदी बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट तपशिलमा उल्लेखित सदस्यले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवम् हर्जाना व्याज समयभित्र नतिरी, नबुझाई संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक, लिखित तथा पत्रिका मार्फत सार्वजनिक सूचना प्रकाशित गरि जानकारी गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा यो सूचना प्रकाशित गरीएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनु होला । अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण नीति बमोजिम लिलाम बिक्रीको सूचना प्रकाशित गरी लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**तपसिल**

| क्र.सं. | ऋणीको फोटो | ऋणी सदस्यको विवरण | धन जवानी |
|---|---|---|---|
| १. |  | **नाम थरः थम बहादुर कामी**<br>ना. प्र. प. नं.: १५७, कास्की<br>साविकः दाङसिङ-३, कास्की<br>हाल ठेगानाः अन्नपूर्ण -५, कास्की<br>सदस्यता नं.: ०२६४ | १. पिमला वि.क.<br>ना.प्र.प.नं. ४६-०१-७३-०३००६<br>साविकः दाङसिङ-३, कास्की<br>हाल ठेगानाः अन्नपूर्ण-५, कास्की<br>२. मिना कुमारी कामी<br>ना.प्र.प.नं. १४७३६२<br>साविकः दाङसिङ-३, कास्की<br>हाल ठेगानाः अन्नपूर्ण-५, कास्की<br>३. कमला जैसी<br>ना.प्र.नं. ४६३०४४/१०७<br>साविकः दाङसिङ-५, कास्की<br>हाल ठेगानाः अन्नपूर्ण-५, कास्की |
| | | **वितो विवरणः**<br>**थम बहादुर कामी**को नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको सल्यान-९ नयाँपुल सीट नं. ६२३ क कित्ता नं. २०८० को क्षेत्रफल ०४-२-० को जग्गा। | |

**मोदी बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
अन्नपूर्ण-५, नया पुल, कास्की
फोन नं.: ०६१-५०२०५३



## पेन्सन पट्टा हरायो

मिति २०८२/०६/२६ गतेका दिन शिशुवादेखि पेन्सन क्याम्प पोखरा जाने क्रममा मनबहादुर दर्जीको श्रीमती सुमित्रा दर्जी द्वारा पेन्सन पट्टा हराएको हुँदा भेटाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न सम्पर्कमा खबर गरिदिनुहोला।

नाम : Man Bahadur Darjee
आर्मी नम्बर : ७४०३१
TS No.: C-34250
PPO No.: 234989400706
सम्पर्क नं.: ९७०३९३५८३२
निवेदक : Sumitra Darjee



HIMALAYAN LIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन न. ५९७००५७, पो.ब.नं. २५९७९

## हकदावी सम्बन्धि सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | Pli 1610013123 | नन्दलाल शर्मा | कुश्मा-१४, पर्वत |
| २ | Uli 3330000221 | नविन कुमार चौलागाई | चौरीदेउराली-६, काभ्रेपलाञ्चोक |




## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : आर्थिक समस्या | मकर | : मानसिक तनाब |
| सिंह | : शत्रुको भय | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

अनादिनिधनो देवः शङ्खचक्रगदाधरः ।।
अक्षय्यः पुण्डरीकाक्ष पितृमोक्षप्रदो भव ।।

# हार्दिक श्रद्धाञ्जली



**जन्मः**
**वि.सं. १९८६/०९/०२ गते**

**स्वर्गारोहणः**
**वि.स. २०८३/०१/११ गते**

## स्व. पं. हरिकृष्ण अधिकारी

हाम्रा प्रातः पुजनीय बुवा/आदरणीय जेठाजु/हजुरबुवा **पं. हरिकृष्ण अधिकारी** को ९७ वर्षको उमेरमा ब्रह्मलीन हुनु भएकोमा हामी शोकाकुल एवम् अत्यन्त मर्माहत भएका छौं । आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडिमा हामीप्रति श्रद्धाभाव राखि सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

**छोरा/बुहारीः**
जि.न्या.रमेशकान्त/
पार्वती अधिकारी

**नाति/नातिनीज्वाईंः**
डा. आरती/डा. प्रकाश अर्याल

**नाति**
डा. कृष्णकान्त अधिकारी

**नातिनी**
डा. आकृति अधिकारी

**पनातिनी**
कृभाश्री अर्याल

**छोरी/ज्वाईं**
अम्बिका पौडेल
रेवती/हरि सिग्देल
लक्ष्मी/दशरथमणी लामिछाने
दिव्यलक्ष्मी/राजेन्द्र रेग्मी

**नाति/नातिनी**
वसन्त/शान्ति सिग्देल
अनन्त/जसोदा सिग्देल
ई. बद्री/सुनिता लामिछाने
डा. शंकर/ई. शैलाशिखा लामिछाने
शिवकान्त/सपना पौडेल
रोशन/अस्मिता पौडेल
सुदिप रेग्मी
सम्झना/महेन्द्र न्यौपाने
मुना/सुरेन्द्र लामिछाने
कल्पना/सूर्य बराल
सृजना/निलकण्ठ भट्टराई
मञ्जु/वसन्तराज अधिकारी
डा. सबिना रेग्मी

**पनाति/पनातिनी**
अस्मिता/साकार रिमाल
अंकिता, आशिका, अनुश्रिया,
काशिब लामिछाने
आशुतोष, सच्चिदानन्द, माधव,
शिव, वासुदेव सिग्देल
पास्कल, सुबिका, कुशल बराल
अभिज्ञ लामिछाने
श्रीधर, सुवर्ण, उष्णा, विजया
अच्युत अधिकारी, सिद्धि पौडेल

**खनातिनी**
सरविका रिमाल

## तथा समस्त अधिकारी परिवार

पूनश्चः मिति २०८३ वैशाख २३ गते बुधबार आयोजित शुद्धाशुद्धि कार्यक्रममा सहभागी भई प्रसाद ग्रहणको लागि उपस्थित भइदिनुहुन इष्टमित्र कुलकुटुम्ब, बन्धुबान्धव विभिन्न संघसंस्था सबैमा हार्दिक अनुरोध गर्दछौं।
समयः बिहान ८:३० बजेदेखि स्थानः पोखरा-११, फूलबारी

**भाइबुहारीः**
योगमाया अधिकारी

**छोरा/बुहारीः**
प्रा.डा. श्रीकान्त/शान्ति अधिकारी
लक्ष्मीकान्त/सरिता अधिकारी

**नाति/नातिनीः**
डा. सिर्जन/मनिसा अधिकारी
डा. सुधा/ई.सिद्धार्थ पौडेल
श्रीभा अधिकारी
ई.विनायक अधिकारी
अवनी अधिकारी

**छोरा/बुहारीः**
गायत्री अधिकारी
वासुदेव/सरस्वती अधिकारी
शंकर/लेखकुमारी अधिकारी

**नाति/नातिनीः**
शिव/बन्दना अधिकारी
ई. कृष्णराज/मन्जु अधिकारी
विनोद/मन्दिरा अधिकारी
राजेन्द्र/शारदा अधिकारी
श्रीकृष्ण/निर्मला अधिकारी

**छोरी/ज्वाईं**
सावित्री/देवकृष्ण काफ्ले
गायत्री/शेखर पौडेल
विजया/डा. सञ्जय आचार्य

**नाति/नातिनी**
डा. सन्दिपा/डा. रमेश शर्मा
सन्दिप/भावना काफ्ले
सगुन/फ्रेडी पौडेल
स्नेहा, श्लेषा आचार्य

**नातिनी/नातिनीज्वाईं**
सिता/न्या.वसन्तराज पौडेल
नारायणी/मोहन बास्तोला

**पनातिनी**
सुरभीसरा शर्मा

**पनाति/पनातिनी**
ई. आशुतोष पौडेल
ईश्वर बास्तोला
श्रीश कुमार, विक्रम, आश्रव,
राजीव, सुशान्त, रवि, अनामिका,
पूर्णिमा, राजश्री, सान्वी, आर्यश्री,
कृतिका